**कृषि विकास कार्यक्रम:-** कृषिमा बेमौसमी,आधुनिक बिऊ,बिजन सिंचाई सेवाको विस्तार तथा प्रविधि विस्तार गरि कृषि उत्पादनमा विविधिकरण एवं व्यवसायीकरण गरि कृषिजन्य पार्दाथ तथा वस्तुको उत्पादन तथा उत्पादत्व अभिबृद्धि गर्न विविध कार्यक्रम सञ्चालन गरिने छन ।

**पर्यटन प्रर्बद्धन:- यस प्रदेशको महत्वपूर्ण तिर्थस्थलको रुपमा रहेको राजदेवी मन्दिर तथा अन्य धार्मिक पर्यटन प्रचुर सम्भाब्यता भएका** पर्यटकिय सम्भाब्यता भएका क्षेत्रहरुको राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा प्रचार प्रसार गर्न डोकुमेन्ट्री तयार गर्ने तथा डिजिटल मेपिङ्गको कार्यलाई अगाडि बढाइने छ ।

**युवा स्वरोजगार कार्यक्रम:- हाम्रा युवा हाम्रा सम्पत्ति हुन** भन्ने नाराका साथ यस न.पा.का बेरोजगार युवाहरुलाई सिप विकास तथा तालिमको माध्यमबाट स्वरोजगारका अवसर सृजनागर्न अध्यक्ष **युवा स्वारोजगार कार्यक्रमसंचालन गरिने छ** । बैदेशिक रोजागारबाट फर्केका युवाहरुलाई बैदेशिक रोजागारीको सिलसिलामाआर्जन गरेका ज्ञान, सिप तथा दक्षता उपयोग गर्न कृषिमा आधारित उद्योग स्थापना गर्न विशेष जोड दिइने छ ।

- **सहकारी विकास :-** सहकारी क्षेत्रको विकास र प्रबर्द्धन गर्न जनचेतनामुलक क्रियाकलाप संञ्चालन गरिने छन ।

- **वित्तिय क्षेत्र सुधार:- जन जनको खाता बैंकसंग हाम्रो नाता** भन्ने नाराका साथ बैंकमा खाता खोल्न प्रोत्साहन गरि वित्तिय सूचना प्रणाली व्यवस्थित बनाइने छ । सामाजिक सुरक्षा भत्ता सिधै बैंक मार्फत भुक्तानी गर्न आवश्यक पहल गरिने छ । वित्तिय साक्षरता अभिबृद्धि गर्न विभिन्न निकायसंग सहकार्य गरि जनचेतनामुलक कार्यक्रम सञ्चालन गरिने छ ।

**२.३.३ साभाजिक विकास:**

**सामाजिक बिकास नीति**

शैक्षिक गुणस्तर अभिबृद्धि गर्ने ।
विद्यालयहरुको भौतिक पूर्वाधार निमार्ण एवं संरचनात्मक सुधार गर्ने ।
विद्यार्थी संख्या, भौगोलीक अवस्था लगायत को आधारमा विद्यालयहरुको व्यवस्थापन गर्ने ।
सीपयुक्त एवं ब्यबसायीक शिक्षा प्रणाली अबलम्बन गर्ने ।
नगरस्तरिय विद्यालयहरुको शैक्षिक क्रियाकलापहरुमा एकरुपता कायम गर्ने ।
न.पा. भित्रका स्वास्थ्य चौकिहरुको स्तरोउन्नति एवं सुधारलागि आवश्यक पूर्वाधार निमार्ण गर्ने ।
गुणस्तरिय स्वास्थ्य सेवाको प्रत्याभुति गर्न स्वास्थ्य संस्थाहरुका लागि आवश्यक उपकरण व्यवस्था गर्ने ।
स्वास्थ्य सेवामा आम नागरिकको पहुच अभिबृद्धि गर्ने ।
सांस्कृतिक प्रर्बद्धन गर्न छिमेकि मुलुकका स्थानीय सरकारहरुसंग आवश्यक साझेदारी गर्ने ।
समाबेशी विकासको अवधारणा अनरुप दलित, महिला, आदिवासी जनजाती लगायतको उत्थान गर्ने ।
सामाजिक विकृति एवं विसंगतिको रुपमा रहेका छाउपडि, छुवाछुत लगायतका प्रथाको उन्मुलन गर्ने ।
विभिन्न जात जातिका भाषा, भेषभुषा रहनसहन तथा संस्कृतिको संरक्षण गर्ने ।
खेलकुद क्षेत्रको विकास गर्न प्रबद्धनात्मक क्रियाकलाप संचालन गर्ने ।